## निर्वाचन आयोगको

### सूचना १

निर्वाचन आयोगले दल त्याग ऐन, २०५४ को दफा ५ को उपदफा(१) को खण्ड (घ) तथा राजनीतिक दल सम्बन्धी ऐन, २०५८ को दफा ७ बमोजिम देहायको राजनीतिक दल आयोगमा दर्ता गरी उक्त दललाई देहाय बमोजिमको निर्वाचन चिन्ह प्रदान गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

| राजनीतिक दलको नाम | निर्वाचन चिन्ह |
| --- | --- |
| दलित जनजाति पार्टी नेपाल | "ताल्चा साँचो"  |

### सूचना २

निर्वाचन आयोगले "नेपाल समाजवादी कांग्रेस" राजनीतिक दललाई निर्वाचन प्रयोजनको लागि दर्ता गर्ने सम्बन्धमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुने गरी हाललाई राजनीतिक दल सम्बन्धी ऐन, २०५८ को दफा ७ को उपदफा (३) बमोजिम आयोगको दल दर्ता किताबमा दर्ता गर्ने निर्णय गरेकोले सोही दफाको उपदफा (५) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना ३

खण्ड ६३ अतिरिक्ताङ्क २६क मिति २०७०।९।१९ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस आयोगको सूचना - १ र सूचना - २ मा उल्लिखित देहायका राजनीतिक दलको तर्फबाट पहिलो हुने निर्वाचित हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत संविधानसभामा निर्वाचित हुनुभएका देहायका सदस्यहरुको नाम, थर सम्बन्धी विवरण अन्यथा हुन गएकोले देहाय बमोजिम सच्याईएको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।



२६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

| क्र.स | सदस्यको नाम,थर | साविक नाम, थर | राजनीतिक दल | निर्वाचित भएको निर्वाचन प्रणाली |
|---|---|---|---|---|
| १ | शुशिल कोइराला | सुशिल कोइराला /शुसिल कोइराला | नेपाली कांग्रेस | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली |
| २ | डा.अमरेश कुमार सिंह | अमरेश कुमार सिंह | नेपाली कांग्रेस | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली |
| ३. | नेजमा आलम | नजमा खातुन | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली |
| ४. | कल्पना सोब | कल्पना सोप | नेपाली कांग्रेस | समानुपातिक निर्वाचन प्रणाली |
| ५. | सरवत आरा खानम हलुवाईनी | सरवत आरा खातुन हलवाईनी | नेपाली कांग्रेस | समानुपातिक निर्वाचन प्रणाली |
| ६. | आशा यादव | आसा यादव | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | समानुपातिक निर्वाचन प्रणाली |
| ७. | मदनकुमारी शाह (गरिमा शाह) | मदन कुमारी शाह | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | समानुपातिक निर्वाचन प्रणाली |
| ८. | डा.शिवजी यादव | शिवजी यादव | मधेशी जनअधिकार फोरम, नेपाल | समानुपातिक निर्वाचन प्रणाली |
| ९. | डा. डिम्पल कुमारी झा | डिम्पल कुमारी झा | संघीय सदभावना पार्टी | समानुपातिक निर्वाचन प्रणाली |

आज्ञाले,
मधुप्रसाद रेग्मी
सचिव



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२६६